# <u>विनियोजन ऐन</u>

**वेनिघाट रोराङ गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः .................

**<u>प्रस्तावनाः वेनीघाट रोराङ</u>** गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम वेनीघाट रोराङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१)**यस ऐनको नाम " वेनीघाट रोराङ गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन **२०७५ श्रावण १ गतेवाट** प्रारम्भ हुनेछ ।

२.**<u>आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>**ः (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **५१९६४१०००**।- (अक्षेरुपी एकाउन्न करोड छयान्नव्वे लाख एकचालिस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **<u>विनियोजनः</u> (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त वेनीघाट रोराङ गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| **क.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगतखर्च** | **वित्तियव्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **१** | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ४८३५०००० | २६६८९३००० | २०४३९८००० | ५१९६४१००० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| | | जम्मा | ४८३५०००० | २६६८९३००० | २०४३९८००० | ५१९६४१००० |

शीर्षक

**वेनीघाट रोराङ गाउपालिका**

**राजस्व तथा अनुदान प्राप्तिको अनुमान**

आ.व.२०७५/७६

अनुसूची–२

रु. मा

| शीर्षक | आ.व.२०७३/७४ को | आ.व.२०७४/७५ को संशोधित | आ.व.२०७५/७६ को लक्ष्य |
|---|---|---|---|

| | यथार्थ | अनुमान | |
|---|---|---|---|
| **राजस्वः** | | | |
| **आन्तरिक राजस्वः** | | | |
| सम्पत्ती कर | | ० | १२०० |
| भूमिकर (मालपोत) | | ७०० | ७०० |
| घरबहाल कर | | ० | ५०० |
| व्यवसाय कर | | २००० | २५०० |
| मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर | | ० | १०० |
| सवारी साधन कर | | ० | ३०० |
| विज्ञापन कर | | १०० | ११० |
| बहाल विटौरी कर | | ३०० | ३०० |
| टेकिङ रयाफ्टिङ अदिमा कर | | ० | ६०० |
| दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा) | | २५०० | २५०० |
| सेवा शुल्क | | ० | ५०० |
| प्राकृतिक स्रोत साधन व्यवसायिक कर | | १५००० | ४३९०० |
| ऋण लगानीबाट प्राप्त व्याज आय | | | |
| अन्य | | ७४६९ | १०००० |
| | | २८०६९ | ६३२१० |
| **राजस्व बाँडफाँडः** | | | |
| राजस्व बाँडफाँड प्राप्ति (+) | | ० | ७६६५६ |
| राजस्व बाँडफाँड हस्तान्तरण (-) | | | |
| **अन्य आयः** | | | |
| साविक स्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रकम | | | |
| बेरुजु असुली | | | |
| गत वर्षको नगद मौज्दात | | | |
| जम्मा | | | १३९८६६ |
| **अन्तर सरकारी वितीय हस्तान्तरणः** | | | |
| **नेपाल सरकारबाट प्राप्त अनुदानः** | | | |
| वित्तीय समानीकरण अनुदान | | २१४२४३ | १६७३०० |
| सशर्त अनुदान | | १२३२०५ | १६७८०० |
| समपूरक अनुदान | | | |
| विशेष अनुदान | | | |
| | | ३३७४४८ | ३३५१०० |
| **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | | | |
| वित्तीय समानीकरण अनुदान | | | ८०७७ |
| सशर्त अनुदान | | | ३६५९८ |
| समपूरक अनुदान | | | |
| विशेष अनुदान | | | |
| | | | ४४६७५ |
| **अन्य स्थानीय तहबाट प्राप्त अनुदानः** | | | |

| | | | | |
|---|---|---|---|---|
| | सशर्त अनुदान | | | |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | | | | |
| **जनसहभागिताः** | | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |
| | | | ३६५५१७ | ५१९६४१ |